ग्रामीण पत्रकारिताको प्रयास

# जनता टाइम्स साप्ताहिक

JANATA TIMES WEEKLY

❑ वर्ष-१० ❑ अङ्क-१५, २०७५ साउन २७ गते, शनिबार (Aug.11, 2018 Saturday) www.janatimes.com मुल्य रु. ५/- पृष्ठ संख्या ६




## सप्तरीका पत्रकारहरूले रामप्रसादलाई सम्झिए




राजविराज / दुर्घटनामा मृत्यु भएका नेपाल पत्रकार महासंघ सप्तरीका संस्थापक रामप्रसाद खतिवडाको सम्झनामा राजविराजमा सोमबार श्रद्धाञ्जली सभा भएको छ। खतिवडाको १३औं दिनको पूण्य तिथिमा प्रेस सेन्टर नेपाल सप्तरीले नेपाल पत्रकार महासंघको सभाकक्षमा श्रद्धाञ्जली सभाको आयोजना गरेको हो।

कार्यक्रममा प्रमुख अतिथि प्रदेश सभा सदस्य गोबिन्द न्यौपानेले सादा जिवन र कठोर लेखनका धनी खतिवडाले पत्रकारितामा क्षेत्रमा पुरयाएको योगदान उच्च रहेको बताए। न्यौपानेले भने-'पत्रकारितामा कुनै आकर्षण नरहेको बेला निरकुंश पञ्चायतकालको कोपभाजनमा परेका खतिवडाले आर्जन गरेको जनविश्वास र पत्रकारितामा पुरयाएको योगदान बास्तवमै उच्च छ।' खतिवडाको स्मृतिलाई चिरस्थायी बनाउन गठन हुने कोषका लागि तत्काल १० हजार दिने घोषणा गर्दै उनले अग्रज पत्रकारहरुप्रति सम्मान जनाउन महासंघ र आबद्ध संगठनहरुले ठोस कदम चाल्नुपर्नेमा जोड दिए।

नेपाल पत्रकार महासंघका पूर्व उपाध्यक्ष शिवहरी भट्टराईले पत्रकारिता गर्दा निकै संर्घषशिल र मिलनसार भावनाका खतिवडा महासंघ सप्तरीको संस्थापक भएपनि सम्मान गर्न महासंघ चुकेको टिप्पणी गरे। श्रद्धाञ्जली सभा नगर्ने पत्रकार महासंघ सप्तरीले शोक पुस्तिका राखेर मात्र दायित्व पुरा नहुने भन्दै उनले सम्मान लिन खोज्नेले पहिले सम्मान दिन जान्नु पर्ने बताए।

महासंघ सप्तरीका पूर्व अध्यक्ष विष्णु मण्डलले पत्रकारको संख्या बढेसँगै पत्रकारिता विकृत बनेकोमा चिन्ता प्रकट गर्दै इमान्दार पत्रकार खतिवडाको निधनले आदर्श पत्रकारको अभाव सधै खट्कीने बताए। प्रहरी, प्रशासकलाई सम्मान गर्ने महासंघ सप्तरीले आफ्नै संस्थापकलाई सम्मान गर्न नसकेकोमा उनले दुख प्रकट गरे।

कार्यक्रममा महासंघ सप्तरीका पूर्व अध्यक्षहरु बैद्यनाथ झा, धिरेन्द्रप्रसाद साह, उपाध्यक्ष श्यामसुन्दर यादव, पूर्व उपाध्यक्ष गणेशलाल देव, सप्तरी उद्योग बाणिज्य संघका पूर्व महासचिव सुरेश सिंह, प्रेस संगठनका केन्द्रीय सदस्य राजु विश्वकर्मा, जनजाती पत्रकार महासंघ सप्तरीकी अध्यक्ष प्रियासिंह थारु, पत्रकारहरु सतिश दत्त, हेमशंकर सिंह, शिव आचार्य, दिनानाथ यादवलगायतले खतिवडाको व्यक्तित्वको चर्चा गर्दै आफुसँगका सम्झनाहरु सुनाएका थिए।

कार्यक्रमका अध्यक्ष खगेन्द्र कार्कीले खतिवडाको सम्मानमा हरेक वर्ष कार्यक्रम गरिने बताउदै असमायिक निधनले पत्रकारहरुले अभिभावक गुमाएको बताए। निधन भएका अग्रज पत्रकारहरुको स्मरणलाई स्थायी बनाउन प्रेस संगठनको नयाँ संरचना बनेसँगै अक्षय कोष स्थापना गरिने उनले प्रतिबद्धता जनाए।

कार्यक्रममा नेपाल पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्षहरु भट्टराई, मण्डल, झा, साहलगायतकाले खतिवडाको स्मरणलाई ताजा बनाउन गरिने कामका लागि आफनो तर्फबाट नगद रकम सहयोग गर्ने घोषणा गरेका थिए।

चार दशक अघि मातृभूमि साप्ताहिकमा आवद्ध भएर पञ्चायत कालदेखि नै पत्रकारिता गर्दै आएका अग्रज पत्रकार खतिवडा नेपाल पत्रकार महासंघ सप्तरी एवं प्रेस चौतारी सप्तरीका संस्थापक हुन्।

विराटनगरबाट राजविराज आउँदै गरेका पत्रकार खतिवडा सवार को १ ज २१४९ नम्बरको माइक्रोबस र विपरीत दिशामा जाँदै गरेको ना.५ख ६१० नम्बरको बस आपसमा ठोक्किएर राजबिराज नगरपालिका १५ स्थित देउरी भरुवामा साउन ९ गते दुर्घटना हुँदा ७२ वर्षीय खतिवडाको मृत्यु भएको थियो।

## मलेठ घट्नाको छानविन हुदै

सप्तरी / सप्तरीको मलेठमा ५ जनाको ज्यान जानेगरी डेढ वर्षअघि भएको घटनाको छानबिनको काम सुरु भएको छ।

प्रदेश सरकारको साउन ७ गते बसेको बैठकले छानबिनका लागि आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवको संयोकत्वमा ३ सदस्यीय मन्त्रीस्तरीय समिति गठन गरेको थियो। सो समितिले काम शुरु गरेको हो।

समितिले सोमबार सप्तरीका सञ्चारकर्मीहरुसँग अन्तरक्रिया गरी घटनाको जानकारी लिने काम गरेको छ। सञ्चारकर्मीले घटनाको विषयमा आ-आफुले देखेका विषय जानकारी गराउँदै प्रतिवेदनलाई तोडमोड नगरी सत्यतथ्य सार्वजनिक गर्न समितिलाई आग्रह समेत गरिएको छ।

घटनाको छानबिन गर्न संघीय सरकारद्वारा गठित समितिले यथार्थ विषय बंग्याएर एकतर्फी प्रतिवेदन सार्वजनिक गरेको केही पत्रकारहरुले

बाँकी अन्तिम पृष्ठमा

## फत्तेपुरमा सार्वजनिक सुनुवाई




फत्तेपुर / सप्तकोसी नगरपालिकाले शुक्रवार फत्तेपुर मा आ ब २०७४/०७५ मा भएका बिकासका गतिविधि माथी सार्वजनिक सुनुवाइ गरेको छ।

स्थानीय भगवती मन्दिरको हलमा सम्पन्न कार्यक्रममा सहभागीहरुबाट आएका प्रश्नको जवाफ प्रमुख प्रशासकीय अधिकृत राजकपुर चौलागाईं, सप्तकोसी नपा प्रमुख उत्तमकुमार शर्मा ,उप मेयर आशा चौधरी,बिषयगत समितीका संयोजक तथा शाखा प्रमुखहरुले दिएका थिए। कार्यक्रममा सहभागीले विकास निर्माण,लक्षित बर्गका कार्यक्रम, न्याय समितीका क्रियाकलाप ,आदि बिषयमा जिज्ञासा राखेका थिए। कार्यक्रममा संघसस्थाका प्रतिनिधि ,राजनिती दलका प्रतिनिधि, कार्यपालिकाका सदस्यहरु तथा वडा अध्यक्षहरुको सहभागिता रहेको थियो।

नगर प्रमुख उत्तम कुमार शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन शिव आचार्यले गरेका थिए।

सूचना

लोक सेवा आयोगको अठोट स्वच्छ, निष्पक्ष र प्रतिस्पर्धात्मक छनौट।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग

## मलेठ...

आरोप लगाएका थिए ।

प्रशासन र प्रदर्शनकारी दुवै पक्ष संयमित हुन नसक्दा घटना घटेको र प्रहरीरप्रशासन आवश्यकता भन्दा बढी उत्तेजित भएर गोली चलाउँदा ५ जनाको ज्यान गएको उनीहरुको भनाइ थियो। 'एमालेको कार्यक्रम लगभग अन्त्य भइसकेपछि प्रहरीले एक्कासी गोली चलायो', केही सञ्चारकर्मीहरुले भने, 'जबकी गोली चलाउनु पर्ने अवस्था नै थिएन ।'

संयोजक यादव, भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साह र सामाजिक विकास मन्त्री नवलकिशोर साहसहितको छानबिन टोलीलाई सञ्चारकर्मीहरुले 'मलेठ घटनाको मात्रै छानबिन किन' भन्दै प्रश्न गरेका थिए ।

मधेश आन्दोलनका क्रममा सप्तरीदेखि पर्सासम्म विभिन्न ठाउँमा आन्दोलनकारी तथा प्रहरी मारिए पनि प्रदेश सरकार मलेठ घटनामा मात्रै केन्द्रित भएको विषयमा उनीहरुले जिज्ञासा राखेका थिए । 'मधेश आन्दोलनमा सप्तरीमै भारदह, रुपनीलगायतका ठाउँमा प्रदर्शनकारीहरु मारिएका छन्। महोत्तरीमा आन्दोलनकारीले नै सुरक्षाकर्मी थमन विकको हत्या गरेका थिए ।', सञ्चारकर्मी हेमशंकर सिंहले प्रश्न गरे, 'तर ति कुनै पनि घटनामा छानबिनको कुरा किन उठेन ?'

समितिका संयोजक यादवले मलेठ आन्दोलनमा संघीय सरकारद्वारा गठित छानबिन समितिको प्रतिवेदनमा जनताले असन्तुष्टि जनाएको र विभिन्न ठाउँमा आन्दोनलनसमेत सुरु भएपछि यथार्थ विवरण जनता समक्ष पुर्याउन मलेठ घटनाको छानबिन गर्न लागिएको बताए ।

अन्य ठाउँमा भएका घटना सरकार र सर्वसाधारण दुवै पक्षले स्विकारी सकेकाले छानबिन गर्नुपर्ने अवस्था नआएको भन्दै उनले आवश्यकता देखिए अन्य घटनाको पनि प्रदेश सरकारले छानबिन गर्ने प्रतिवद्धता जनाए ।

छानबिनको प्रतिवेदन सार्वजनिक भएपछि दोषी देखिएकालाई सरकारले कारबाही गर्ने समेत यादवले बताए । छानबिन समितिले सोमबार नै तत्कालीन नेकपा एमालेका नेताकार्यकर्तासँग पनि छलफलको प्रयास गरेको थियो। तर सप्तरीका सिडिओ सुरेन्द्र पौडेलको निवासमा बोलाइएको छलफलमा एमालेका नेता/कार्यकर्ता भने उपस्थित भएनन्।

आफूहरुको अनिच्छाका कारण छलफल नभएको नेता गोविन्द न्यौपानेले जानकारी दिए। 'उद्देश्य राम्रै भएपनि यो समिति स्वतन्त्र छैना', उनले भने, 'आन्दोलनको एक पक्ष रहेको तत्कालिन लोकतान्त्रिक मधेशी मोर्चाकै नेता/कार्यकर्ता सदस्य रहेको समितिसँग छलफल गर्न हामीले इच्छा देखाएनौं।'

प्रदेश सांसद तथा तत्कालिन एमालेका जिल्ला अध्यक्ष न्यौपानेले स्वतन्त्र रुपमा समिति गठन भए आफूहरु जुनसुकै समयमा छलफल तथा अन्तरक्रियाका लागि तयार रहेको जिकिर गरे ।

मलेठ घटनाबारे अध्ययन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश ताहिर अली अन्सारीको संयोजकत्वमा गठित समितिको प्रतिवेदन मानवअधिकार आयोगले गत साउन ४ गते सार्वजनिक गरेको थियो ।

प्रतिवेदनमा 'फागुन २३ मा स्थानीय प्रशासन र सुरक्षा निकायको सुझाव विपरीत औद्योगिक क्षेत्रमा सभा गर्ने एमाले, त्यसलाई जुन मूल्य चुकाएर भए पनि हुन नदिने वा बिथोल्न कटिबद्ध भई त्यहाँ जाइलाग्ने प्रदर्शनकारीहरुको अगुवाई गर्ने सप्तरी जिल्लाको मधेसी मोर्चा नै मुख्य दोषी रहेको' उल्लेख छ ।


## २४सै घण्टा तपाईहरुको सेवामा

**हाम्रा सेवाहरु:**
छाला, यौन, पाईल्स, फिस्टुला, फिसर, मानसिक तथा परिवार स्वास्थ्य, जेनेरल, मेडिसियन, बालरोग, नाक, कान, घाटी, जेनेरल सर्जरी, स्त्रीरोग,लागु पदार्थ, दुर्व्यसनी, परामर्श

**स्पोर्ट सेवाहरु:**
इमेर्जेन्सी, ल्याव, अक्सीजन, फर्मेसी, एक्सरे, अल्ट्रा साउण्ड अब्जरभेसन तथा २४ सै घण्टा एम्बुलेन्स सेवा । साथै टेलिमेडिसिनद्वारा विशेषज्ञ डाक्टरबाट उपचार

डा. सुवोधकुमार पोखरेल(सेक्सोलोजिष्ट तथा यौन
डा.अनिता बर्मा, जनरल फिजिसियन
डा. सत्यम घिमिरे (छाला तथा यौन रोग सम्बन्धि) –प्रत्येक महिनाको
डा. राजिव घिमिरे(पाईल्स, फिस्टुला रोग सम्बन्धि) –प्रत्येक महिनाको ४ गते
डा. विनोद मिश्र(बरिष्ठ छाला तथा यौन रोग विशेषज्ञ)प्रत्येक महिनाको २६
डा. नन्दकिशोर कुशवाह(सेक्सोलोजिष्ट तथा यौन रोग विशेषज्ञ)
डा. बद्रीप्रसाद भट्टराई . डा. समन




एम्बुलेन्स सम्पर्क: ९८४२४०४८०४,
*नोटः प्रत्येक दिन ओपिडी सेवामा डा.अनिता बर्मा(जनरल फिजिसियन) जनरल विमारीको जाच गरिन्छ र २४ सै घण्टा*

## माता मनकामना पोलिकिलनिक



सप्तकोशी नगरपालिका फत्तेपुर, नयाँ बजार, ०३१-५५०११२, ८०८०८०२८९, ९८०७७७१७००



## सप्तकोशी नगरपालिकाको अनुरोध

– सप्तकोशी नगरलाई शिक्षा ,स्वास्थ्य ,पर्यटन तथा व्यापारिक केन्द्रको रुपमा विकास गर्न आ–आफनो क्षेत्रवाट लागि परौ र
– शहरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– सप्तकोशी नगरपालिकालाई उद्यमशिलताको नमुना शहर बनाउन पहल गरौं ।
– शहरलाई प्लाष्टीक र प्रदुष्णयुक्त वनाउन प्लाष्टीकको झोला प्रयोग नगरौ र कपडा तथा कागजका झोलाहरु वढीमात्रामा प्योग गरौ ।
– समूहमा मिलेर घरेलु फोहर तलगाउन चाहनुहुन्छ भने नगरपालिकामा सम्पर्क राखौ ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– नगरक्षेत्रमा कुनै पनि भौतिक निर्माण कार्य गर्दा नगरपालिकासँग अनुमति लिएर मात्र गर्ने गरौ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– सडक वत्ति समयमा वाल्ने र निभाउने गरौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

**सप्तकोशी नगरपालिकाको कार्यालय,**
**२ नं. प्रदेश, सप्तरी**



## तपाईहरुको सेवामा फत्तेपुर पोलिक्लिनिक

**हाम्रा उपलब्ध सेवाहरु**

- २४ सै घण्टा इमर्जेन्सी सेवा
- २४ सै घण्टा औषधी सेवा
- एक्स-रे सेवा / शल्य चिकित्सा
- प्रयोगशाला सेवा / ओपिडी
- मुख तथा दन्त रोग सेवा
- नाक, कान, घाटी रोग सेवा
- स्त्री तथा प्रसुती रोग सेवा
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा
- इ.सी.जी(मुटु रोग)
- परिवार नियोजन सेवा
- बाल, नवजात शिशु रोग सेवा






## फत्तेपुर पोलिक्लिनिक(प्रालि)

सप्तकोशी नगरपालिका,फत्तेपुर-१, सप्तरी राष्ट्रिय मावि अगाडी फोन नं.: ०३१-५५०१८७



## दक्ष तथा अनुभवी चिकित्सकहरुबाट स्वास्थ्य सेवा फत्तेपुरमा

**हाम्रा सेवाहरु:**
यहाँ हरेक किसिमका बिरामीहरुको उपचार गर्नुकासाथै ल्याब टेष्ट, एक्स-रे, ओ. पि. डी., निवुलाईजर, फार्मेसी, गर्भवती महिला जाँच, प्रसुत्ती सेवा तथा एम्बुलेन्स सेवा चौबिस्सै घण्टा उपलब्ध छ ।

**विशेषज्ञ डाक्टर**
डा. संदीप शर्मा, हाड-जोर्नी, नशा तथा बाथ रोग
डा. दिलीप चौधरी, छाला-यौन तथा कुष्ट रोग
डा. बरुण देव, नाक-कान तथा घाटी रोग विशेषज्ञ




## जनसेवा पोलिक्लिनिक प्रा.लि

सप्तकोशी नपा–१,पारुहाङ्चौक,फत्तेपुर, फोन नं ०३१-५५००५०


प्रमुख सल्लाहकार: डा.महेन्द्र विष्ट, सल्लाहकार: प्रकास खतिवडा, सम्पादक/ प्रकाशक देवेन्द्र कार्की(९८४२१२५२७९), प्रधान सम्पादक विश्वराम कार्की, प्रवन्ध सम्पादक,खगेन्द्र कार्की (९८४२०९२१०७), समाचार सम्पादक शिवप्रसाद आचार्य, ले-आउट निश्छल कार्की, काठमाण्डौ प्रतिनिधि: मिलन केसी, सुनसरी प्रतिनिधि: कृष्ण कार्की, बेलटार प्रतिनिधि: शंकर केर्शी, रामपुर प्रतिनिधि: सरद कोईराला, कञ्चनपुर प्रतिनिधि: राजकुमार पासवान कार्यालय ठेगाना: सप्तकोशी नगरपालिका फत्तेपुर-१, सप्तरी, ६८०७७५३२०२, धरान सम्पर्क: ६८०३८१६७२१ Email:janatatimesweekly@gmail /com,publicnews8@gmail /com, Web site: www /janatimes /com, मुद्रण: शिवज्ञान अफसेट प्रेस, सप्तकोशी नपा -१, सप्तरी, ०३१-५५०२११

जनता टाइम्स्
JANATA TIMES WEEKLY साप्ताहिक

सम्पादकीय....................

# कृषकलाई सुविधा देऊ

सप्तरी नेपालको अन्न भण्डार हो । तर यहाँ राज्यले सिँचाइको व्यवस्थापन गर्न नसक्दा प्रायप्त अन्न उत्पादन हुन सकेको छैन् । अन्न भण्डार मानिए पनि धान रोपाईका लागि आकाशे पानीको भर पर्नु विडम्बना हो ।

कृषकहरु सिचाईको अभावले बर्षा कुरेर रोपाई पर्खने गरेका छन् । बर्षा भएन भने उनीहरुको खेत बाँझै रहेको कतिस्थानमा देख्न सकिन्छ । प्रयाप्त उब्जनी हुने स्थानहरुमा राज्यले सिचाईको ब्यवस्था मिलाउनु पर्ने तर गर्न सकेको छैन ।

सप्तरीमा यो बर्ष ५० प्रतिशत पनि धान रोपाई हुन सकेन । सरकारका प्रमुख जिल्ला अधिकारीले गएको हप्ता पानी पार्न पूजा गरेर नाटक मञ्चन गरे । कृषकहरुका लागि सिचाई ब्यवस्थापन गर्न राज्यलाई घचघचाउनुको साटो भगवानसँग पानी माग्नु कुनै चौचित्य छैन् । यो कृषकका आँखामा छारो हाल्ने काम मात्र हो ।

पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित हुदै आएको छ । सप्तरीलाई सुख्खा क्षेत्र घोषणा गरी किसानलाई राहत ब्यवस्थापन गर्नु पर्दछ । सुख्खा क्षेत्र घोषणा गरि उचित राहत तथा नयाँ कार्यक्रम ल्याउनु पर्दछ । आगामी बर्षमा सप्तरीमा भोकमरी तिम्तने खतरालाई टार्न प्रजिअले भगवानसँग पानी माग्ने होईन, संघीय सरकारसँग बजेट ल्याएर जनतालाई राहत दिनु पर्दछ ।

## जरुरी टेलिफोन

⇩सप्तरी

| | |
|---|---|
| जिल्ला प्रसासन कार्यालय, सप्तरी | ०३१-५२०६२४ |
| क्षेत्रीय प्रहरी कार्यालय, | ५२००४५, |
| जिल्ला प्रहरी कार्यालय, | ५२००५५ |
| प्रहरी चौकी, फत्तेपुर, | ५५०१०० |
| सशस्त्र प्रहरी बल वेस क्याम्प फत्तेपुर, | ९७४३०२३०२१ |
| नेपाल रेडक्रस सोसाईटी, | ५२०२५८ |
| जिल्ला जनस्वास्थ्य कार्यालय, | ५२१६०६ |
| प्राथमिक स्वास्थ्य उपचार केन्द्र, कञ्चनपुर, | ५६०००५ |
| उपस्वास्थ्य चौकी, सप्तकोशी नपा, | ५५०१६९ |
| एम्वुलेन्स सेवा, सप्तकोशी नपा | ५५०१६९ |
| सप्तकोशी नगरपालिका, फत्तेपुर, | ५५००१९ |
| ॐ साई माता मनकामना आरोग्य सेन्टर, फत्तेपुर, | ५५०११२ |
| टेलिकम शाखा फत्तेपुर, | ५५००६६ |

# जलस्रोतको जल र बिजुलीको बिल

❑ सुरेश रानाभाट

जब मेरी छोरी
कलम समातेर
क, ख, ग...लेख्न थाल्छे
तब,
अनायास बत्ति जान्छ
बा ! के भयो ?
ऊ प्रश्न गर्छे ।

दुई दशक अगाडि कवि सुरेन्द्र थापामगरले यो कविता सुनाएका थिए । आज त्यही छोरी चिकित्साशास्त्रको पढाइ सकेर आफ्नो व्यवसायिक जीवनमा होमिसकेकी छन् । बिना सूचना जानकारी भ्याप्प बत्ति जाँदा उल्लेखित प्रश्न आजका नानीहरूले पनि आफ्ना अभिभावकसँग सोध्ने गर्छन् अनुभव मैले गरेको छु, अनुमान तपाईंले पनि गर्नु भएको होला । द्वन्द्वसँगै तन्नेरी भएका साइवर पुस्ता र जिन्स जेनेरेसनले लोडसेडिङको अनुभव र अनुभूति आफ्नै पालामा गरिसकेका छन् ।

एउटा पाठ सधैं घोकाइयो- ‘नेपाल जलश्रोतमा विश्वको दोस्रो धनी देश’ तर अर्को पाठ सधैं सधैं बिर्साउने प्रयास भयो संसारमा सवाधिक महङ्गो बिजुली बाल्ने हामी नेपाली हौं । साथै सबैभन्दा धेरै लोडसेडिङको मार खप्ने पनि हामी नै थियौं हौंला भन्ने लाग्छ । गिनिज बुक अफ दि रेर्कडमा दर्ता हुन लायक थिए यी विषय र प्रसङ्ग । भ्रष्टाचार र गरिबीको टपटेनमा पर्ने नेपाल जलश्रोतको धनी देश भएर पनि अत्यन्तै महङ्गो बिजुलीको बिल तिर्छ । अझ नेपाल विद्युत् प्राधिकरण महशुल बढाउने रणनीति बनाउँदैछ । बिजुलीको पोल गाडेर र तार टाँगेर बिजुली दिने आश्वासनमा चुनाव जित्ने पञ्चायतकालीन मानसिकताबाट गणतान्त्रिक सरकार अब मुक्त हुनुपर्छ ।

पानीको चरित्र भएको नेपाल जहाँ ८३ हजार मेगावाट विद्युत क्षमता छ भन्ने तथ्याङ्क पनि गम खाँदा फगत लाग्छ । पानी बगेको बग्यै छ ‘न पानी डाँडामा न पानी भाँडामा’ भन्ने स्थिति छ । भूपरिवेष्टित देश भनियो, समुद्र छैन निराश बनियो ।

बालुवा नै बालुवा भएको देशमा सुन्तला फलाएका छन्, समुद्रमा शहर नै बसालेका छन् यी हुन् विदेशका रोचक तर परिश्रमी मान्छेका पौरख । हाम्रो त सगरमाथाको देश, गौतम बुद्ध जन्मेको देश, बीर गोरखालीको देश । अब परिचय अलि फरक बनाउनु पर्ने भएको छ, इतिहासको व्याज खाएर मात्रै हाम्रो सान रहने छैन् ।

एउटा तथ्य सार्वजनिक भएको छ, विद्युत चुहावट र चोरीमा राजनीतिक पार्टीका नेता र प्राधिकरणका सानादेखि ठूला कर्मचारीहरूको संलग्नता छ । अझ सरकारी कार्यालयमा फोकटीको बिजुलीमा बेहिसाव हिटर बालेर सुविधा उपभोग गरिएको पाइन्छ । काली गण्डकीले उत्पादन गर्ने विद्युत बराबर चोरी र चुहावटमा सकिन्छ । लगानी र प्रतिफल पानी बगे झैं भएको छ । राजश्व संकलन र लोडसेडिङमा यसले गम्भीर प्रभाव पारेको छ तर नीति चुपचाप दराजमा थन्किएको छ । भूपू उर्जा मन्त्री गोकर्ण विष्टले केही सुधार गर्ने जमर्को र पहल गरेका थिए तर उनी पनि हर्कुलस हुन सकेनन् । संस्थाहरू स्वायत्त बनेको खण्डमा चोरी र चुहावट गर्नेलाई सामाजिक बहिष्कार गर्न सकिन्छ ।

जनार्दन शर्मा उर्जा मन्त्री र कुलमासिंह घिसिङ प्रमुख कार्यकारी अधिकृत हुँदा झलमल्ल उज्यालोको नारा घन्कियो र व्यवहारमा पनि देखियो । अखबारमा आउने लोडसेडिङको तालिका रातारात पत्तासाफ भयो, बत्ति गयो भन्ने एप्स डाउनलोड होइन ग्याजेटबाट डिटिटै गर्नुपर्ने भयो । विद्युत प्राधिकरण सूचना प्रकाशन र बिल मिलानबाट मुक्त भयो । नागरिकलाई उज्यालो दिन खुला अर्थबजारका हिमायती हुँ भन्नेले जालसाँझी र गडबडी गरी कृत्रिम अभाव खडा गरे । लोडसेडिङ गर्नमा बानी परेका र त्यसबाट खाइपाइ आएका महोदयहरूलाई सही सक्नु भएन र अलि नरम किसिमको विमति पनि जनाए । शर्माले उनीहरूलाई बोकाको मुखमा कुभिण्डो राखे झैं एउटै वाक्यले बुजो लगाइदिए । प्रिय मित्रहरू मेरो रिसले बत्ति निभाएर अध्यारोमा नबसिदिनु होला ।

चुनावी वर्ष सकियो, परिवर्तित सन्दर्भमा उर्जा, जलस्रोत तथा सिँचाई मन्त्री वर्षमान पुन छन् । उनले उर्जा मन्त्रालयको तर्फबाट उर्जा क्षेत्रको वर्तमान अवस्था र भावी रोडम्याप सहित १ सय २५ बुँदे श्वेतपत्र नै जारी गरेका छन् । उनको घोषणा उपर केही टिप्पणीहरू पनि आएका छन् जसमा “महत्वाकांक्षा” भन्ने शब्द परेको छ । कहिले काहिँ मेगा परियोजना छायाङ्कन गर्दा महत्वकाङ्क्षी कुरो भयो भन्ने सामान्य आरोप पनि लाग्न सक्छ । यद्यपि दीर्घकालीन लक्ष्यलाई केन्द्रमा राखेर हेर्दा सशक्त दुस्साहस मान्न पनि सकिन्छ । विधि, व्यवस्थापन र अनुगमनमा समयमै सरकारले ध्यान दिने हो भने सहि उद्धेश्यका लागि नागरिक स्तरबाट पनि प्रशस्त लगानी जुट्ने छ ।

किस्सा त १० वर्ष पहिला पनि सुनेको हो १० वर्षमा १० हजार मेगावाट जलविद्युत उत्पादन गर्ने भनेर तर यो सबै बतास बात जस्तो मात्रै भयो । यद्यपि अहिले श्वेतपत्रमा १० वर्षमा १५ हजार मेगावाट बिजुलीको कुरो छ । मुलुकको मौजुदा विद्युत् क्षमता १ हजार ७३ मेगावाटले जेनतेन धानेको छ । यसमा पनि नेपाल विद्युत् प्राधिकरणबाट ५ सय ६२ र निजी तथा सामुदायिक क्षेत्रको ५ सय ११ मेगावाट छ । समग्र मुलुकको माग १ हजार ३ सय ३ मेगावाटमा भारतबाट ४ सय ५० मेगावाटको व्यवस्था गरिएको तथ्याङ्क बोल्छ । राष्ट्रिय गौरवको माथिल्लो तामोकोशी जलविद्युत् आयोजना ४ सय ५६ मेगावाट अर्को वर्षभित्रै पूरा भएर राष्ट्रिय प्रशारणमा आएपछि फेरि सुनौलो आशा देखिनेछ ।

झोलामा खोला राखेर हिड्ने दलका कार्यकर्ताले लाइसन्स लिएर पनि बिजुली उत्पादन नगर्नु, विद्युत प्रशारण लाइनको व्यवस्था बेलैमा नुहनु, चालु हालतमा रहेका आयोजनाहरूमा कृत्रिम गडबडी खडा गरिदिनु, लञ्जोफञ्जोको बहानामा आयोजनाले समय थप्दै जानु, जस्ता कामले क्षमता भएर पनि विद्युत वृद्धि हुन सकेन ।

“नेपालीको पानी जनताको लगानी, हरेक नेपाली विद्युत्को शेयरधनी” यो आकर्षक नारा नागरिकका लागि पत्यारिलो भयो भने हाइड्रोमा हालेको पैसा डुब्दैन र बेलैमा आयोजना सकिएर लगानीको प्रतिफल पाइन्छ भन्ने विश्वासको वातावरण भयो भने मानिसहरू घरमा राखेको पैसा सरकारलाई बुझाउन बैंकमा लाम लाग्ने छन् । प्राकृतिक साधन स्रोतको साझेदार बन्नेछन् । आफ्नो पसिनाको कमाइको रेखदेख आफै गर्नेछन् साथमा व्यवस्थापन पनि । यसको सकारात्मक उदाहरण खोज्न गिनिज बुक पल्टाउन पर्दैन राजधानी नजिकैको रसुवा नै काफी छ । यो नीति कार्यान्वयनका लागि सचेत हस्तक्षेप अत्यन्त आवश्यक छ भने विचौलिया र दलाललाई प्रोह्ह्याविटेड गर्नुपर्छ ।

कहिले काहिँ महान् सम्भावनाका अगाडि गम्भीर चुनौतीले चक्मा दिइरहेको हुन्छ । हामीले हात बाधेर बस्दा हाम्रै सुन्तलाबारीमा छिमेकी आएर हाम्रै सुन्तला ठेक्कामा खरिद गरिदिन सक्छ । नेपालको अपार जल सम्पदालाई भारतले मिहिन पाराले बुझेको छ । भारतका सरकारी र निजी २५ वटाभन्दा बढी कम्पनीले नेपालका साना, मझौला र मेगा विद्युत् उत्पादनको अनुमतिपत्र लिएर बसेका छन् । जसको कूल क्षमता ७ हजार ५ सय १ मेगावाट छ । रन अफ दि रिभरमा आधारित बहुप्रतीक्षित अरुण तेस्रो जो ९ सय मेगावाटको छ, जसको शिल्यान्यास हालै ओली र मोदीले गरेको आलै छ । ९ सय मेगावाटको माथिल्लो कर्णाली र ६ सय मेगावाटको माथिल्लो मर्स्याङ्दी-२ भारतीय कम्पनीको हातमा पुगिसकेको छ र यसको भित्री कुरा भारतमा नै बिजुली पठाउने हो । नेपालले १५ प्रतिशतको हाराहारीमा निः शुल्क बिजुली बाल्ने छ ।

राणाकालीन समयको वि.सं. १९६८ जेठ ९ मा ५ सय किलोवाटको फर्पिङ जलविद्युत केन्द्र नेपालकै पहिलो र जेठो उज्यालो दिन विद्युत् गृह हो । प्रजातन्त्र, लोकतन्त्र हुँदै गणतन्त्रमा फड्को मारेको नेपालको संविधानमै जनसहभागितामा आधारित स्वेदेशी लगानीलाई प्राथमिकता दिदैं जलस्रोतको विकास गर्ने नीतिगत व्यवस्था गरेको छ । त्यसैले, वि.सं.२०७५ देखि २०८५ अवधिलाई उर्जा तथा जलस्रोत दशकका रूपमा समावेश गरिएको छ ।

३ वर्षमा ३ हजार मेगावाट, ५ वर्षमा ५ हजार मेगावाट, १० वर्षमा १० हजार मेगावाट सहित १५ हजार मेगावाटकोको मार्गचित्र निकै फराकिलो देखिन्छ । जसमा एक प्रदेश एक मेगा प्रोजेक्टको अवधारणा पनि समावेश गएिको छ । पर्यटनसँगै जलविद्युत्को सम्भावना रहेको प्रदेश नं. ४ याने कि गण्डकी प्रदेशमा जलाशययुक्त बुढिगण्डकी १२ सय मेगावाट, अपरसेती १ सय ४० मेगावाट, उत्तरगंगा जलाशययुक्त ८ सय २८ मेगावाटका साथै आँधीखोला १ सय ८० मेगावाटले पनि यो मार्गचित्रलाई सम्भावनाको उज्यालो दिएको छ ।

विद्युत् उत्पादनका अधिकांश आयोजनाहरू रन अफ दि रभिरमा आधारित रहँदा यसका घाटाहरू पनि छन् । वर्षाद्मा धेरै उत्पादन हुने र खेर जाने साथै हिउँदमा बिजुलीको अभाव हुने कारणले पनि जलाशययुक्त आयोजनाले बहुपक्षीय फाइदा सिर्जना गर्छ । हाल कुलेखानी जलविद्युत आयोजना मात्रै जलाशययुक्त मानिन्छ । जलाशययुक्त आयोजनाले पर्यटन र उद्यमशिलतालाई पनि साथ लिएर अगाडि बढ्छ । १२ सय मेगावाटको बुढिगण्डकी र ७ सय ५० मेगावाटको पश्चिम सेतीले पनि यसलाई सहयोग गर्नेछ ।

उर्जासम्बन्धी काम गर्न नीति नभएको भने होइन, जलस्रोत रणनीति, राष्ट्रिय जलयोजना नीतिले तय गरेका लक्ष्यहरू पूरा हुन भने सकेका छैनन् । नेपाल र भारतबिचका जलस्रोत सम्बन्धी द्विपक्षीय सन्धीका कोशी, गण्डकी, महाकाली संझौता र सहमति त भए पनि काम भने कागज अनुसार देखिन सकेन् । उर्जा मन्त्रालयले यस अघि नै राष्ट्रिय उर्जा संकट निवारण तथा विद्युत विकास दशकको कार्ययोजना २०७२ पनि ल्याइसकेको छ । काम ढिलो गर्ने कम्पनीलाई कलोसूचीमा राखेर कारवाही गर्ने, ठेकेदारहरूले समयमै कामसम्पन्न नगरे कारवाही गर्ने यही श्वेतपत्र भित्र “समृद्ध नेपाल, सुखी नेपाली” को सुन्दर स्लोगन पनि छ । जलस्रोतको सम्भावनासँगै सौर्य उर्जा, वायु उर्जा, जैविक उर्जालाई पनि सम्भावनाको अर्को झ्याल मान्नु पर्छ ।

विद्युत् उत्पादनमा सरकारको स्वयम् लगानी गर्ने हैषियत नभए पनि महान् उद्धेश्यका लागि चिन्ता र चासो सिर्जना हुनैपर्छ । उद्धेश्य सही ठहर भएमा नभएको पैसा पनि आउँछ, उद्धेश्य गलत छ भने भएको पैसा पनि पानी झैं बगेर जानेछ । लगानी गर्ने पैसा नभएको बहाना गरेर अविरल बग्ने नदीहरू अर्कालाई सुम्पने नेपालको पुरानो बानी हो । पानीसँग भारतको स्वार्थ लुकेको छ । नेपालको प्राकृतिक स्रोत साधनलाई आफ्नो हितमा प्रयोग गर्नु भारतको चाहाना हो । विद्युतमा पनि कमिसनको चक्कर चल्छ । नेपालीबाट न त कमिशसन आउँछ न त सित्तैमा विद्युत् । यस्तै अवस्था रहिरहेमा बत्ति किन गयो ? भनेर भोलिका नानीहरूले प्रश्न सोधेमा रेडिमेड उत्तर हुनेछ- ‘सरकार ढल्यो, बिजुलीको खम्बा लड्यो ।

# मुटुको चाल हुने गडबडी र उपचार

डा मनबहादुर केसी

मानिसको मुटुको चाल सामान्य अवस्थामा एक मिनेटमा ५० देखि १०० पटकसम्म धड्कन्छ। मुटुको नियमित धड्कनलाई 'साइनस रिदम' भनिन्छ। तर ५० भन्दा कम वा १०० भन्दा बढी चाल भयो भने समस्या निम्तन्छ ।

नियमितभन्दा कम या बढीपटक धड् कियो र बिरामीलाई गाह्रो भयो भने हामी त्यसलाई मुटुको चालको गडबडी भन्छौं र, यो गडबडी सजिलै थाहा हुन्छ। समयमै उपचार गर्ने हो भने ठूलो समस्या भोग्नुपर्दैन। मुटुको चाल छिटो या ढिलो हुँदा गंगालालमा छुट्टाछुट्टै पद्धति प्रयोग गरेर उपचार गरिन्छ। यसका लागि थ्रीडी म्यापिङमार्फत् जटील खालका रोगीलाई निदान तथा उपचार गर्न सुरु गरिसकेका छौं ।

मुटुको चाल बढाउन सामान्यता औषधि छैन। भएका औषधि पनि त्यति प्रभावकारी छैनन्। त्यसैले मुटुको चाल ढिलो भएको छ भने पेसमेकर राख्ने गरिन्छ। यस्तो भए मानिस बेहोस हुने, रिंगटा लाग्ने र अन्त्यमा मृत्यु पनि हुन्छ ।

मुटुको चाल छिटो भएका बिरामीमा पीएसभीटी, एसभीटी, भीटी समस्या हुन्छ। मुटुको उपचार हुने कम रोगमध्ये पीएसभीटी पनि एक हो। जसलाई हामी रेडियो फ्रिक्वेन्सी एब्लेसन प्रविधिबाट विशेष प्रकारको उपचार गर्छौं ।

अलि सामान्य अवस्थामा टुडी म्यापिङ प्रयोग गरी निदान गरिन्छ भने बिरामीको अवस्था जटील खालको छ भने हामी अत्याधुनिक प्रविधि थ्रीडी म्यापिङमार्फत् रोग निदान गर्छौं। यी दुवै खालका रोगको निदान भएपछि रेडियो फ्रिक्वेन्सी एब्लेसन अत्याधुनिक प्रविधिमार्फत् उपचार गरिन्छ। नेपालमा आफ्नै जनशक्तिले उपचार गर्ने गंगालाल मात्र हो ।

**जुनसुकै उमेरकालाई हुनसक्छ**

मुटुको चालमा गडबडी जुनसुकै उमेर समूहका मानिसलाई हुनसक्छ। गंगालालमा भर्खर जन्मेका शिशुदेखि वृद्धसम्म मुटुको चालसम्बन्धी गडबडीको समस्या भएर आउनुहुन्छ। उमेर बढ्दै जाँदा यसको जोखिम पनि बढ्दै जान्छ। कसैलाई जन्मजात हुनसक्छ भने जन्मेपछि पनि हुनसक्छ। हृदयाघात वा अनियन्त्रित रक्तचापका कारण पनि मुटुको चालमा गडबडी हुनसक्छ।

मुटुको चाल गडबडी भएको बिरामी आफैंलाई थाहा हुन्छ। गाह्रो महसुस हुन्छ ।

**लक्षण**

- रिंगटा लाग्नसक्छ, मुटु हल्लिने हुन्छ। रिंगटाले गर्दा बेहोस हुने, छाती दुख्ने हुनसक्छ ।

यस्ता लक्षण देखिए तुरुन्तै नजिकैको अस्पताल वा मुटु विशेषज्ञलाई देखाउनु पर्छ ।

गंगालाल हृदय केन्द्रमा आएका बिरामीको तथ्यांकलाई आधार मान्ने हो भने मुटुको बाथ, उच्च रक्तचाप, हृदयाघात, जन्मजात हुने मुटुको रोग, मुटुको चालसम्बन्धी गडबडी, मुटुको मांसपेशीमा लाग्ने रोग बढी देखिने रोग हुन्। करिब ९० प्रतिशत मुटु रोगको सफल उपचार नेपालमा सम्भव छ। अस्पतालमा कतिपय रोगको उपचार निःशुल्क छ ।



गंगालालमा हामी ५-६ जनाको टोलीले मुटुको चाल गडबडीसम्बन्धी उपचार गर्छौं। गंगालालमा यस्ता बिरामीको चाप अत्याधिक छ। देशभरका बिरामी मुटुको उपचारका लागि रिफरसमेत भएर आउने भएकाले पनि चाप उच्च छ ।

मुटुको चाल गडबड हुनु आफैँमा एक रोग हो। कुनै खानपान वा जीवनशैलीले हुने रोग होइन। तर अन्य विभिन्न कारणले पनि मुटुको चाल गडबड हुनसक्छ ।

हामीले बुझ्नुपर्ने कुरा के हो भने आजकल मुटुको चाल गडबड भएका कारणले ज्यान गुमाउनुपर्ने अवस्था छैन। पहिले उपचारको सुविधा नहुँदा धेरै मानिसको ज्यान जानसक्ने स्थिति थियो। तर अहिले नेपालमा मुटुको गुणस्तरीय र प्रभावकारी उपचार सम्भव भएकाले मुटुका धेरै रोगको सफल उपचार सम्भव छ ।

त्यसैले मुटुका कुनैपनि समस्या देखिए वा महसुस भएमा समयमै जाँच गराऔं।

# डायबेटिज पीडितका लागि उपयोगी खानेकुरा

डायबेटिज पीडितमध्ये अधिकांश टाइप-टू डायबेटिजबाट ग्रस्त हुन्छन् । यस्तो डायबेटिज भएका व्यक्तिको शरीरमा इन्सुलिन उत्पादन त हुन्छ, तर यो पर्याप्त हुँदैन । यी चिज नियमित खाने गरेमा उपचारबिनै चिनीको मात्रालाई सामान्य अवस्थामा ल्याउन सकिएका उदाहरण छन् ।

**तीतेकरेला**

डायबेटिज भएकाका लागि करेला गुनकारी हुन्छ । यसमा हाइपोग्लिसेमिक नामक तत्व पाइन्छ, जसले पिसाब र रगतमा सुगरको मात्रा कम गरिदिन्छ । बढी लाभ हासिल गर्न बिहान खाली पेटमा तीतेकरेलाको जुस पिउने गर्नुपर्छ । करेलाको बियाँलाई पिसेर खानामा यसको पाउडर छरेर खाने गर्नाले पनि लाभ हुन्छ ।

**अमला**

अमला भिटामिन सीको उत्तम स्रोत हो । डायबेटिज भएकाका लागि अमलामा पाइने भिटामिन सी ज्यादै लाभदायक हुन्छ । एक चम्चा अमलाको रसमा एक कप तीतेकरेलाको जुस मिसाई दुई महिनासम्म बिहान नियमित सेवन गर्नाले उल्लेख्य सुधार महसुस गर्न सकिन्छ ।

**जामुन**

जामुनमा जाम्बोलाइन नाम गरेको ग्लुकोसाइड पाइन्छ, जसले शरीरभित्र चिनी उत्पादन हुने क्रमलाई कम गरिदिन्छ । जामुनको दाना सुकाई यसको धुलो बनाउन सकिन्छ र एक चम्चा धुलोलाई दूध, पानी अथवा दहीसँग मिसाएर खाइयो भने रगत र पिसाबमा चिनीको मात्रा कम हुँदै जान्छ ।

**मेथी**

दिनहुँ २५ देखि सय ग्रामसम्म मेथीका दाना खाएर रगत र पिसाबमा चिनीको मात्रा कम गर्न सकिन्छ । कति मात्रामा मेथी खाने भन्ने निर्क्योल गर्नका लागि आयुर्वेदबारे जानकार वैद्यको परामर्श लिन आवश्यक छ ।

**चना**

चना भिजाएको पानी खाने गर्नाले पनि शरीरमा चिनीको मात्रा सन्तुलित हुने गर्छ ।

**आँपको पात**

आँपको कलिलो पात डायबेटिज रोगीका लागि अतिउपयोगी हुन्छ । १६ ग्रामजति आँपको पातलाई अढाई सय मिलिलिटर पानीमा रातभरि भिजाउने र बिहान पातलाई राम्रोसँग निचोरी नियमित पिउने गर्नाले डायबेटिजलाई नियन्त्रित अवस्थामा राख्न सकिन्छ । आँपको पात सुकाई यसको चूर्ण बनाएर दुई चम्चा चूर्ण दिनमा दुई पटक खाने गर्नाले पनि लाभ हुन्छ ।

**अन्य खाना**



मौसम, जरेसिमी, काँक्रो, प्याज, लसुनजस्ता खाना पनि डायबेटिजका रोगीका निम्ति ज्यादै लाभदायक हुन्छन् ।

## तपाईंको यो साता

**मेष** (गु,गे,गो,सा,सी,सु,से,सो,द): मिष्ठान्न भोजन प्राप्त हुन सक्छ । पुराना साथीभाईहरुसित भेटघाट होला । व्यापार व्यवसायमा प्रगति होला ।

**वृष** (य,यो,भा,भी,भू,ध,फा,ढ,भे): समय मध्यम खालको छ । नयाँ र रमाइलो ठाउँको भ्रमण होला । सांस्कृतिक तथा धार्मिक कार्यमा सहभागी भइएला ।

**मिथुन** (का,कि,कु,घ,ङ,छ,के,को,ह): मनमा चंचलता बढ्नेछ । आफन्तजनबाट सहयोग मिल्न कठिन होला । एकाग्र भएर काम गर्न मुस्किल पर्ला ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो): पठन पाठन तथा लेखन कार्यमा रुचि बढ्नेछ । यात्राको लागि उपयुक्त समय मान्न सकिन्छ । मन प्रफुल्ल रहला ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे): शैक्षिक क्षेत्रको माध्यमबाट विशेष स्थान प्राप्त होला । तपाईको पछाडी कुरा काट्नेहरु आफैं पाखा लाग्ने छन् ।

**कन्या** (रा,रि,रु,रे,रो,ता,ती,तु,ते): समय उत्तम खालको छ । तपाईले गरेका कामको चौतर्फि प्रशंसा होला । माया प्रेमको क्षेत्रमा पूर्ण सफलता मिल्नेछ ।

**वृश्चिक**:(टो,प,पी,पू,ष,ण,ठ,पे,पो): विशिष्ट व्यक्तिको सुख सहयोग प्राप्त होला । काम गर्ने जांगर र आत्मबल बढ्ला । मनमा उत्साह र हिम्मत बढ्नेछ ।

**तुला** (तो,ना,नि,नू,ने,नो,या,यि,यू): आफ्नै प्रयासमा आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् । भेटघाटमा मन रमाउनेछ । खर्च बढेपनि आम्दानीका प्रसस्त मार्ग खुल्नेछन् ।

**धनु** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): समय राम्रै रहे पनि खर्च बढ्ने छ भने विवादको सामना गर्नुपर्ला । स्वास्थ्य सम्बन्धि समस्या नआउला भन्न सकिन्न । मन दोधार होला ।

**मकर** (भो,जा,जी,जू,जे,जो,खा,खि,खु,खे,खो,गा,गी): समय राम्रो छ । साथीभाईको ठूलो जमघट र खानपानमा सहभागी भइएला । प्रिय व्यक्तिलाई अतिथिको रुपमा स्वागत सत्कार गर्न पाइएला ।

**कुम्भ** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ): आर्थिक कारोबारमा पूर्ण सफलता मिल्ला । शैक्षिक क्षेत्रभने मध्यम रहला । सांस्कृतिक तथा सांगितिक कार्यक्रममा सहभागी भइएला ।

**मीन** (दी,दू,थ,झ,ञ,दे,दो,च,ची): समय उत्तम खालको छ । आर्थिक काम कारोबारबाट सोचे भन्दा राम्रो प्रगति होला । शुभ समाचार सुन्नाले मन प्रशन्न रहला ।

# १५ हजार सरकारी कर्मचारी गरिब!



सप्तरी /रगरिब पहिचान गरेर सहुलियत दिने योजनाअनुसार सरकारले ल्याएको प्याकेजमा १५ हजार सरकारी कर्मचारी नै गरिबको सूचीमा परेका छन। गरिब घरपरिवार पहिचान सहयोग समन्वय बोर्डको तथ्यांकअनुसार सरकारी अधिकृत तहका कर्मचारी नै गरिबको सूचीमा परेका छन ।

०७० मा संकलन गरिएको उक्त तथ्यांकमा शंका लागेका करिब ३ हजार कर्मचारीलाई भने सूचीबाट हटाइएको थियोरु। अधिकृत वा सोसरह कर्मचारीको तलबबराबरलाई आधार मानेर केही कर्मचारीलाई सूचीबाट हटाइएको होरु। त्यतिवेला करिब ३ हजार कर्मचारीको नाम गरिबको सूचीबाट हटाइए पनि अरू कर्मचारीको सूची हटाउने जोखिम लिन नसकिएको बोर्डका कर्मचारीले बताएरु। यस्तो सूचीमा शिक्षक तथा अन्य स्थानीय कर्मचारी बढी छन ।

तथ्यांक संकलन सकिएका २६ जिल्लामै गरिब परिचयपत्रको विवाद देखिएको छरु। धनीको हातमा गरिब परिचयपत्र पुगेको र गरिबहरू छुटेको भन्दै गुनासा आइरहेका छन बोर्डका एक कर्मचारीले भने, 'केही जिल्लाका स्थानीय तहले त परिचयपत्र वितरण गर्न नसक्ने जानकारी बोर्डलाई दिएका छन ।'

काठमाडौं र जिल्ला सदरमुकाम तथा बजारमै घर भएकाहरू गरिबको परिचयपत्र पाउने सूचीमा अटाएपछि विवाद सुरु भएको होरु। धनीको हातमा परिचयपत्र पुगेको गुनासो आइरहेको तर त्यसमा अध्ययन भइनसकेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव गोपीनाथ मैनालीले बताएरु। 'तथ्यांक संकलन ०७० मा भएको हो, त्यसैले त्यतिवेला गलत टिपाइएको हुन सक्छ वा यसबीचमा धनी भएको हुन सक्छ,' सचिव मैनाली नयाँ पत्रिकासँग भने ।

साउनभरि वितरण गर्ने समय भएकाले कुन-कुन जिल्ला र स्थानीय तहमा वितरण गरिएन भन्ने यकिन तथ्यांक भने बोर्डमा आएको छैन। बोर्डका निर्देशक रामहरि गैरेका अनुसार हुम्ला, जुम्ला, कालिकोट, डोल्पा, मुगु र बाग्लुङ जिल्लामा भने परिचयपत्र वितरण कार्य सकिएको छ ।

गरिबी निवारण मन्त्रालयले साउनभित्र स्थानीय तहलाई परिचयपत्र वितरण गर्ने जिम्मा दिएको छरु। स्थलगत अध्ययनका क्रममा भरिएको फारमका आधारमा अति गरिब, मध्यम गरिब र सामान्य गरिब भनिएको होरु। तर, बोर्डका कर्मचारी त्यतिवेला फारम भर्ने व्यक्ति र आफ्नो विवरण दिने व्यक्तिका कारणले पनि धनी र गरिबबीच समस्या देखिएको बताउँछन ।

एकातिर परिचयपत्र वितरणमा स्थानीय तहबाट विवाद आइरहेको छरु। अर्कोतिर गरिब घरपरिवार पहिचान सहयोग समन्वय बोर्ड सरकारले खारेज गर्ने निर्णय गरिसकेको छरु। यो अवस्थामा अब भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयभित्रै कुनै संयन्त्र बनाएर नयाँ निर्णय लिने तयारीमा सरकार छरु। धेरै विवाद आएकाले कार्यक्रम नै खारेज गर्ने तहबाट पनि छलफल सुरु भएको छ ।

सचिव मैनालीले बोर्ड नरहने निर्णय सरकारले गरिसकेको बताएरु। तर, विकल्पमा अर्को कुनै निकाय भने खडा गरिएको छैन। त्यसो त बोर्डका कर्मचारी अरुणकुमार गुप्ताले खारेजीको हल्ला भए पनि आधिकारिक पत्र नआएको बताए ।

अहिले मन्त्रालयसँग बोर्डले गर्ने २६ जिल्लाका गरिब परिचयपत्र वितरण गर्ने र बाँकी रहेका ५१ जिल्लामा पहिचानका लागि अध्ययन गर्ने कार्यक्रम छरु। यसका लागि ६३ करोड बजेट छरु। तर, सचिव मैनाली यो कार्यक्रमका लागि करिब ४ अर्ब बजेट चाहिने बताउँछन ।

०७४ जेठमा सरकारले गरिबी निवारणसम्बन्धी कार्यक्रमहरू सञ्चालनका लागि तत्कालीन सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई तोक्ने निर्णय गरेको थियोरु। तर, अहिलेसम्म गरिबसँग जोडिएका कार्यक्रमको समन्वय मन्त्रालयसँग छैन। गरिबी निवारण कोष, युवा स्वरोजगार कोष मन्त्रालयमातहत छैनन गरिबी निवारण कोष प्रधानमन्त्री कार्यालयमातहत नै छरु। युवा स्वरोजगार कोष गत फागुनबाट युवा तथा खेलकुद मन्त्रालयमा पुगेको छरु। गरिबसँग विश्वेश्वर कार्यक्रम भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमातहत छ, तर बजेट छैन ।

# सप्तरीलाई सुख्खा क्षेत्र घोषणा कांग्रेसको माग

सप्तरी / सिँचाइको व्यवस्थापन र पर्याप्त वर्षा नहुँदा धान रोपाइँ प्रभावित भएको भन्दै सप्तरीलाई सुख्खा क्षेत्र घोषणा गरी किसानलाई राहत दिन नेपाली कांग्रेस सप्तरीले माग गरेको छ ।

बिहीबार राजविराजमा पत्रकार सम्मेलन गरी नेपाली कांग्रेस सप्तरीका सभापति दिनेश कुमार यादवले सप्तरीलाई सुख्खा क्षेत्र घोषणा गर्न माग गरेका हुन ।

सप्तरीको अधिकांश क्षेत्रमा सिँचाइको व्यवस्था नरहेको र लामो समयदेखि वर्षा पनि नभएकाले अनिकाल पर्न सक्ने खतरा बढेको उनले बताए ।

यस्तै, मुलुक संघीयतामा गएपछि सप्तरीमा रहेका कतिपय सरकारी कार्यालय र संस्थानहरु अन्य जिल्लामा सारिएको प्रति यादवले आपत्ति जनाए । कार्यालय सार्ने सरकारको निर्णय तत्काल सच्याउनु पर्ने उनको माग छ ।

यसैगरी, स्थानीय, प्रदेश र संघीय सरकारद्वारा जिल्लामा सञ्चालित विकास/निर्माणका काममा व्यापक अनियमितता भइरहेकाले त्यस्ता कार्य रोक्न र दोषीलाई कारबाही गर्न यादवले सुझाव दिए ।

अतिक्रमण हटाउने नाममा उच्च अदालत राजविराज इजलासको आदेश विपरीत राजविराज नगरपालिकाले व्यक्तिगत घर भत्काइरहेकाले उक्त घटनाको यथार्थ छानविन गरी कारबाही गर्न समेत यादवले माग गरे। उनले पार्टीको मागलाई वेवास्ता गरे आन्दोलन गर्ने चेतावनी समेत दिएका छन ।






# चाउचाउ खादा पुरस्कार

फत्तेपुर / सप्तकोसी नगरपालिका वडा नं. १ हिमाल परियारले वाइ वाइ चाउ चाउ खादा नगद रु ५ हजार पुरस्कार प्राप्त गरेका छुन ।




सिजि फुडस नेपाल प्रा लिको वाइ वाइ ज्ञान उदय छात्रवृत्ति कार्यक्रम अन्तर्गत रहेको उक्त पुरस्कार यसै साता उनलाई बितरण गरिएको थियो । स्थानीय त्रियुगा इ.बो. स्कुल को कक्षा ४ पढ्ने परियारलाई प्रिन्सिपल भरत बिष्टले एक कार्यक्रमका बिच पुरस्कार हस्तान्तरण गरेको सिजि फुडस नेपालका सिनियर मेनेजर अनिलकुमार सिहंले जानकारी दिए ।

जुन सुकै पत्रिकामा विज्ञापन गर्नु परे

नेपालका राष्ट्रिय तथा स्थानीय पत्रिकाहरुमा सूचना विज्ञापन छपाउन परे हामीलाई सम्झनु होला ।

नयाँ पत्रिका
अन्नपूर्ण
कान्तिपुर
nagariknews
राजधानी
RAJDHANI NATIONAL DAILY
जनता टाइम्स
एक्शन

अमर एडभरटाईजिङ धरान
९८५२०४९३२५, ९८५२०४७७७९

खगेन्द्र कार्की
९८४२०९२१०७
९८०७७४३२०२

शंकर कार्की
९८६३९०८७४९

जनता बुक्स एण्ड स्टेसनरी
सप्तकोशी नपा-१, फत्तेपुर, सप्तरी
बासपार्क जाने बाटो (हेल्थपोष्ट अगाडी)

हाम्रा सेवाहरु
यहाँ बोर्डिङ्ग स्कूल तथा कलेजका सम्पूर्ण पाठ्यपुस्तक, स्टेसनरी, पत्र पत्रिकामा विज्ञापन गर्नका साथै खेलकुदका सम्पूर्ण सामानहरु खुद्रा तथा होलसेल मूल्यमा पाइन्छ । साथै विवाह तथा व्रतबन्धका सम्पूर्ण कार्डहरु उपलब्ध गराइन्छ ।

खुशीको खवर ! खुशीको खवर !!

अनुकुल पोलिक्लिनिक

तपाईको बजार फत्तेपुरमा अनुकुल पोलि क्लिनिकले विविन्न स्वास्थ्य उपचार सेवा प्रदान गर्दैआएको जानकारी गराईन्छ । विशिष्ट चिकित्सकहरूद्वारा स्वास्थ्य परिक्षण हुने । निम्न अनुसारको सेवा उपलब्द हुने भएकाले मौकाको फाईदा लिनु हुन सर्वसाधारणलाई जानकारी गराईन्छ ।

हाम्रो सेवाहरू
OPD, LAB, Ambulance, X-Ray, USG, Video X-Ray, Pharmacy, Oxygen & Neublizer सेवा २४ सैं घण्टा उपलब्द छ र

सम्पर्क स्थान
N/C/ Bose (बंगाली निज निवास) त्रियूगा पुल नजिक
सप्तकोशी नगरपालिका फोन नं. ०३१-५५०१६२, ९७४३०२५७१२, ९८०७७५५४५३

नोटः आर्युबेदिक डाक्टरद्वारा वबासीर, हाइड्रोसिलको अपरेसन विना चिरफारको ग्यारेन्टीका साथ गरिन्छ ।

## बेलका नगरपालिकाको अनुरोध

– नगरलाई सदासर्वदा सफासुग्घर राखौं ।
– व्यक्तिगत घट्ना दर्ता, जन्म, मृत्यु, विवहा रबसाई सराईजस्ता विषयको आफ्नो वडा कार्यलयमा गई दर्ता गरौं ।
-बेलका नगरलाई स्वच्छ , प्रदुषण रहित सफा शहर वनाउन आफनो घरवाट उत्पादन हुने फोहोर आफै तह लगाऔ , कुहिने फोहोरवाट कम्पोष्ट मल वनाऊ ।
– आफनो घर अगाडि ,पछाडिको खाली जग्गामा फूलवारी वनाऔ साथै वोट विरुवा रोपौ ।
– घर नक्सा इजाजत लिएर मात्र घर निर्माण गरौं ।
– नगरपालिकालाई वुझाउनु पर्ने सवै किसिमका करहरु समयमै वुझाई नगरको विकासमा सहयोग पुऱ्याऔ ।
– आफना चौपायहरु जथाभावी छाडा नछाडौ ।
– अशुरक्षित खाद्य पदार्थ सेवन नगरौ साथै विकी वितरण समेत नगरौ ।
– सार्वजनिक सम्पत्तिहरुको सवै मिलेर संरक्षण गरौं ।
-धुमपान, मध्यपान नगरौ, रोगबाट बचौ ।
– सभ्य नागरिक वनौ , वन्न सिकाऔ र सभ्य नगरपालिका वनाऔं ।

बेलका नगरपालिकाको कार्यालय,
१ नं. प्रदेश, उदयपुर

सुलभ इलेक्ट्रोनिक्स सामन माता मनकामनामा

अब तपाई हाम्रो बजार फत्तेपुर मा सामसुङ ,हिमस्टार कम्पनी का टिभि, फ्रीज, LED, सिएफएल बल्बहरु होलसेल मूल्यमा पाउनुका साथै EXIDE कम्पनीका सम्पुर्ण ब्याट्री ,इन्भटर ,सोलार प्यानल,मोटरसाइकल,गाडी आदिका ब्याट्री तथा ब्याट्रीमा लगाउने पानी सुलभ मुल्यमा पाउने हुने छ । मौकाको फाईदा उठाउनु होला ।

प्रो.केदार श्रेष्ठ
माता मनकामना इन्टरप्राइजेज
सप्तकोसी नपा-१, फत्तेपुर
०३१-५५०१०६,
९८०७७७३८९१,
९८५२८२१२९१




IME सेवाः यहाँ विश्वको जुनसुकै देशबाट पठाइएको रकम तुरुन्त पाउनुका साथै पठाइन्छ पनि ।

